# धनपालथान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग, मोरङ
१ नं. प्रदेश, नेपाल

प.स.-०७६/७७
च.नं.-

फोन नं.:- ०२१-५६५१२२

## प्रेस विज्ञप्ती

उपरेक्त सम्बन्धमा नोवेल कोरोना भाईरस COVID-19 संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस धनपालथान गाउँपालिकाको निर्णय अनुसार तपसिल बमोजिमको कार्यहरु गर्न गराउने सम्बन्धित सबैमा अनुरोध छ।

तपसिलः-

- कोभिड १९ नोबेल कोराना भाइरसको संक्रमणका शंका भएका बिरामीहरुलाई नजिकको स्वास्थ्य चौकी मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका अस्पतालहरुमा उपचारको लागि पठाउने।
- यस गाउँपालिका अर्न्तगत वडा नं. १, २ र ३ का क्रमशः भारतीय नाका गडरिया, खैरबन्ना र मायागञ्जका प्रवेश द्वारहरुमा अनावश्यक आवतजावतलाई निरुत्साहन गर्ने र बिना स्वास्थ्य परिक्षण प्रवेश रोक्ने र सञ्चालनमा रहेको सम्पूर्ण नाकाहरुमा हेल्प डेक्स निरन्तर सञ्चालन गर्ने।
- सम्पूर्ण सरकारी तथा नीजि सेवा प्रदायक संघसस्थाहरु, वित्तिय संस्थाहरु, मुख्य व्यापारिक केन्द्रहरुमा Hand wash corner (हात धुने ठाउँ) स्थापना गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।
- कोरोना भाइरस संक्रमण रोकथामका लागि आवश्यकता अनुसार २ वटा सम्म स्वास्थ्य चौकीहरुमा वेड सहितको आइसोलेसन वार्डको व्यवस्थापन गर्ने।
- अत्यावश्यक काम बाहेक आवतजावत एवं हिडडुल नगर्ने। साँस्कृतिक, सामाजिक एवं मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरुमा बढीमा २५ जना भन्दा बढी मानिसहरु भेला नहुने।
- यातायात व्यवसायिहरुले सार्वजनिक सवारी साधनहरुमा सीट क्षमता भन्दा बढी यात्रु ओसार पोसार नगर्ने। साथै सर्वसाधारण नागरिकहरु भीडभाड गरी यात्रा नगर्ने।
- बजारमा उपभोग्य सामाग्रीको कृतिम अभाव सृजना नगर्ने। जम्माखोरी, कालोबजारी तथा मिसावट नगर्ने। गराएमा प्रचलित कानुन बमोजिम कडा कार्वाही गरिने।
- सरकारी, सामुदायिक र निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरुले एंव निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रबाट सञ्चालित कार्यक्रमहरु २०७६ चैत्र मसान्त सम्मका लागि बन्द गर्ने साथै अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट सञ्चालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा तथा सम्मेलन जस्ता कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने।
- दैनिक उपभोग्य खाद्य सामाग्री, साग सब्जी, मरमसाला बाहेक अन्य पसलहरु बन्द गर्ने तर गुद्री बजारका हकमा बेलुका ३:०० बजे देखि ६:०० बजे सम्म खुल्ला रहने।
- होटल, लज, रेष्टुरेन्ट सञ्चालकहरुले ज्वरो मापन गर्ने उपकरण तथा सामाग्रीहरुको व्यवस्था गरी उक्त स्थानमा प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य जाँच गर्ने साथै हात सफा गर्ने सेनिटाईजर लगायत सफाईका सामाग्रीहरुको प्रबन्ध गरी कार्य स्थल, शौचालय आदि स्थान र टेबल कुर्सी तथा बार रेलिङ्गमा नियमित रुपमा Disinfection गर्ने गराउने।
- साप्ताहिक हाट बजार पूर्ण रुपमा २०७६ चैत्र मसान्त सम्म बन्द गर्ने गराउने।
- गुद्री बजार जाँदा वा अन्य उपभोग्य बस्तुको खरिद गर्दा भरसक भीडभाड नगरी पालैपालो जाने।
- मासु जन्य पसल र पेय पदार्थ जन्य पसलहरु २०७६ चैत्र मसान्त सम्म पूर्ण रुपमा बन्द गर्ने।

Phone Number: 021-565122 Email: dhanapalthanmun@gmail.com Audio Notice Board:1618021565122
Website: dhanapalthanmun.gov.np